आज मिति २०७६/०५/३० गतेका दिन यस कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लुटबहादुर रावत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लुट बहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | खडक बहादुर शाही | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | कृष्ण बहादुर खड्का | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | वीरेन्द्रदेव भारती | सचिव | |
| | सहयोगी कर्मचारी | | |
| १. | सुदिप सिंह सुनार | लेखा अधिकृत | |
| २. | अग्नी प्रसाद आचार्य | अधिकृत | |

निर्णय नं. १

यस नगरपालिकाको वडा नं. १२ मा निर्माण हुने अत्याधुनिक वधशाला निर्माण सम्वन्धमा छलफल हुँदा निर्माण स्थलको वातावरण प्रभाव मुल्याकन ( EIA ) प्रतिवेदन प्राप्त भए पछि निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. २

लामो दुरीको बसपार्क निर्माणको लागि लाग्ने कुल लागतको २५ प्रतिशत बजेट यस कोहलपुर नगरपालिकाको कार्यालय र ७५ प्रतिशत बजेट नगर विकास कोषले ( TDF ) व्यहोर्ने र उक्त लामो दुरीको आधुनिक बस पार्क निर्माणको लागि नगर विकास कोष ( TDF ) संग ऋण/अनुदान माग गरि टेन्डर प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

अखिल नेपाल फुटबल संघले फुटबल खेल मैदान र आवश्यक संरचना निर्माणको लागि लिजमा जमिन माग गरेकोले ५ नं. प्रदेश सामाजिक विकास (युवा , शिक्षा तथा खेलकुद) मन्त्रालयसंग समन्वय गरि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४

यस नगरपालिकाको अन्तर्गत वडा नं. १४ र १५ साविक शम्शेरगंज गा.वि.स र स्थानीय बासिन्दाको पहलमा हवलरदारपुरमा अस्थाई प्रहरी चौकीको भवन निर्माण भएको र हाल उक्त भवन मर्मत गर्नु परेकोले प्राविधिक लागत स्टिमेटको आधारमा आवस्यक बजेटको व्यवस्था गर्ने साथै प्रहरी बिट राख्नु पर्ने नगरपालिकाको अन्य स्थानहरुमा इलाका प्रहरी कार्यालय कोहलपुर संग समन्वय गरि प्रहरी बिट स्थापनाको लागि आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिका क्षेत्रमा डेंगु रोग नियन्त्रणको लागि जन चेतनाका कार्यक्रमहरु संचालन गर्ने र सो कार्यको लागि नगर स्वास्थ्य शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं. प्रदेश, नेपाल

निर्णय नं. ६

यस नगरपालिकाबाट संचालन भएका सडक कालोपत्रे योजनाहरुमा सडक मापदण्ड भित्र परेका बिधुत पोलहरु सार्नु पर्ने भएमा सम्बन्धित योजनाहरुको लागत स्टिमेटमा पोल सार्न र नयाँ पोल तथा लाईन जडान गर्दा लाग्ने खर्च समेत समावेश गरि ठेक्का सम्झौता गर्ने र अन्य पोल सार्नको लागि नेपाल विधुत प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिकाको कार्यालय र अन्य तोकिएका क्षेत्रहरुमा सि.सि. क्यामरा जडान गर्न आवश्यक परेकोले साझेदार निकायहरुको सहकार्यमा तत्काल सि.सि क्यामरा जडान गर्ने र सो कार्यको लागि रु. १० लाख समपुरक कोष शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिका क्षेत्र रहेका द्वन्द पिडितहरु संग अन्तरक्रिया गरि आवश्यक कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस नगरपालिकाको कार्यालयमा रहेका १०० थान डस्टवीन र ५० थान ह्यांगर नगरपालिकाको बजार क्षेत्र र बस पार्क क्षेत्रमा वितरण गर्ने र सो को जिम्मा ११ नं. वडा कार्यालयलाई दिने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं.१० मा छलफलगर्दा "घ" **वर्गको** निर्माण व्यवसायी ईजाजतको लागि प्राप्त भएका निवेदनहरु मध्ये तपशिलका फर्महरुलाई "घ" **वर्गको** निर्माण व्यवसायी ईजाजत पत्र दिने निर्णय गरियो ।

तपशिल :

१. अर्जुन निर्माण सेवा कोहलपुर -१० बाँके

२. कृष्ण बिल्डर्स कोहलपुर -१२ बाँके

३. पायल एंड प्रथम कन्ट्रक्सन कोहलपुर -६ बाँके

४. प्रकाश निर्माण सेवा कोहलपुर -०९ बाँके

५. देउती कन्ट्रक्सन कोहलपुर -११ बाँके

निर्णय नं. १९

गत आ.व. ०७५/७६ मा खर्च भई बजेट नपुगेर भुक्तानी दिन बाँकी रहेको तपशिल बमोजिमको रकम यस चालु आ.व. ०७६/७७ मा भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

१. टेक्नोलिंक इन्टरप्राइजेज सेन्टर रु. १२,०२२८३/- मेसिनरी / औजार / मसलन्द / कार्यालय संचालन

२. लाईफ स्टिल फर्निचर उधोग नेपालगंज रु. ४,१७,२४३/-

३. सृजन ग्लास हाउस एण्ड फर्निसिंग रु. १९,५००/-

४. गनापुर अटो वक्स सप रु. २,५३,२९५/-

५. गैरे इन्टरप्राइजेज रु. ३२,०००/-

६. सिद्दी स्टोर रु. ३०,९९५/-

७. क्षितिज न्युज सेन्टर रु. ३६,३००/-

८. गौरीशंकर अटो मोवईलस रु. ३४,५५५/-

९. निमान कम्युनिकेशन रु. २,१४,९९७/-

१०. यस. एच. स्टिल उधोग रु. ५७ ४००/-

११. नविन ट्रेडर्स रु.४,३४४/-

१२. न्यु सौरभ रु. ६,७४३/-

१३. सिकलसेल एनिमिया सोसाईटी (स्कास) रु.३,८७,२००/-

१४. कोहलपुर उधोग वाणिज्य संघ रु. २,५०,०००/-

१५. दैनिक भ्रमण भत्ता रु. २,२९,६००/-

नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

निर्णय नं. १२

यस नगरपालिका अन्तर्गत स्थापना भएका नयाँ आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु र स्वास्थ्य चौकीहरुको लागि नेपाल सरकारवाट निःशुल्क वितरण गर्नु पर्ने औषधीहरुको अभाव हुन नदिन तथा डेंगु रोग समेतको प्रकोपलाई मध्ये नजर गरि औषधी खरिद प्रक्रिया शिघ्र अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १३

NCDR ताईवानवाट प्राप्त भएका सेन्सरहरुको हस्तान्तरण कार्यक्रममा ताईवान वाट आउनु भएका प्राविधिक तथा प्रतिनिधि मंडलको आवास तथा खाजा र कार्यक्रम खर्च बापत होटेल सेन्टर प्लाजालाई भुक्तानी दिनु पर्ने रकम रु. ४,३७,५३६/- भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १४

यस नगरपालिकाको कार्यालय र अन्तर्गतको कार्यालयहरुमा कार्यरत करार तथा ज्यालादारी सेवाका कर्मचारीहरुको मिति २०७६ असोज महिना सम्म म्याद थप गरि असोज महिना सम्मको तलव भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५ ,

यस नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि -२०७६ पास गर्ने निर्णय गरियो ।